
annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ९८ पृष्ठ ८ | काठमाडौं, बुधबार २३ साउन २०८१ | श्रावण शुक्लपक्ष तृतीया, नेपाल संवत् ११४४ | WEDNESDAY, AUGUST 7, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

# किन ओरालो लाग्यो माओवादी ?




कभर स्टोरी

पहिलो संविधानसभामा 'रापताप' अनुसार माओवादीले न संविधान निर्माणको नेतृत्व लियो, न सत्ता नै 'ढंगले' चलाउन सक्यो । न एजेन्डा बोक्न सक्यो, न जनताका पक्षमा काम गर्न सक्यो । उल्टै माओवादी नेतृत्वकै सरकार (डा. बाबुराम भट्टराई) ले संविधान नबनाई पहिलो संविधानसभा विघटन गर्‍यो । त्यसपछि ओरालो लागेको माओवादी झन्-झन् खिइँदै गएको छ ।

**राजकरण महतो** | *काठमाडौं*

**– को रिपोर्ट**



माओवादीभित्र भ्रष्टीकरण र दलालीकरण चरम रूपमा देखा परेको छ । एकथोकमा मात्रै होइन धेरै थोकमा यस्तो रोग देखा परेको हो । सुन काण्ड, भुटानी शरणार्थी काण्डमा माओवादी नेताहरूका परिवारजनहरू नै संलग्न रहेको भेटियो ।

**श्याम श्रेष्ठ**, राजनीतिक विश्लेषक

समाचार पृष्ठ २

पासाङ ल्हामु शेर्पाको सम्मानार्थ

## चन्द्रमाको एक टापुको नाम 'ल्हामु क्रेटर'




**अनिल अधिकारी** | *अमेरिका*

चन्द्रमाको एक क्रेटरलाई अब सगरमाथा आरोहण सफल गर्ने प्रथम महिला पासाङ ल्हामु शेर्पाको नामबाट चिनिने भएको छ। अन्तर्राष्ट्रिय खगोलीय संघको ग्रह प्रणाली नामाकरण समूहले चन्द्रमाको एक क्रेटरलाई ल्हामु नाम स्वीकृत गरेको हो।

अमेरिकी भूगर्भ सर्वेक्षणले गरेको घोषणाअनुसार, सगरमाथा आरोहरण गर्ने प्रथम महिलाको सम्मानार्थ चन्द्रमाको दक्षिण ध्रुवको एक महत्वपूर्ण पर्वतको शिखरमा रहेको क्रेटरलाई ल्हामु क्रेटर नामाकरण गरिएको छ।

अन्तर्राष्ट्रिय खगोलीय संघले पासाङ ल्हामुको सम्मान र उनको अतुलनीय उपलब्धि भनेको छ। नेपालस्थित अमेरिकी दूतावासले प्रेस विज्ञप्तिमार्फत पासाङ ल्हामुको सम्मानले नेपाली महिलाहरूका लागि उच्च सफलताको बाटो खोलिदिएको र विश्वभर रहेका अनगिन्ती महिलाहरूलाई सम्मान पुगेको भनेको छ।

पासाङ ल्हामुको सम्मानमा चन्द्रमाको एक महत्वपूर्ण पर्वतको नाम राखिने भएपछि अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले यो समाचारलाई महत्वका साथ छापेका छन्। यो समाचारसँगै आम नेपालीहरूले खुसी व्यक्त गरेका छन्।

मेरिल्यान्ड राज्य सभाका सांसद डाक्टर ह्यारी भण्डारीले पासाङ ल्हामु शेर्पाको सम्मानले विश्वभर रहेका नेपालीहरूको शिर उँचो भएको बताए। सांसद भण्डारीले भने, 'यो उच्च सफलताले विश्वभरका महिला दिदीबहिनी र आम नेपालीको सफलतासँग जोड्छ।'

गैरआवासीय नेपाली संघ अमेरिकाका प्रवक्ता प्रोफेसर डाक्टर राजन पन्तले पासाङ ल्हामु शेर्पाको सम्मानमा अन्तर्राष्ट्रिय खगोलीय संघले गरेको सम्मानले आज विश्वभर छरिएर रहेका नेपालीहरूको शिर उँचो भएको प्रतिक्रिया दिए।

## स्वकीय सचिवको पत्रका भरमा ४२ करोड रकमान्तर



**गोविन्द महतो** | *जनकपुरधाम*

मधेस प्रदेशको एक मन्त्रालयका स्वकीय सचिवले पठाएको पत्रको आधारमा अर्थ मन्त्रालयले ४२ करोड रकम रकमान्तर गरेको खुलेको छ। मधेस प्रदेश सरकारका तत्कालीन उद्योग, पर्यटन तथा वनमन्त्री सुनिता यादवको निजी सचिवालयको लेटरहेडमा स्वकीय सचिवले लेखेको पत्रका आधारमा ४२ करोड ६० लाख १० हजार रुपैयाँ रकमान्तर गरेको खुलेको हो।

२०७९ चैत १५ गते तत्कालीन मन्त्री यादवका स्वकीय सचिवले मन्त्रालयका सचिवलाई लेखेको पत्रका आधारमा रकमानान्तर गरेको पाइएको हो। यसरी स्वकीय सचिवले अनाधिकृत रूपमा निजी सचिवालयको लेटर हेडको दुरुपयोग गरी पत्र लेखेको सोमबार मधेस प्रदेश संसद्मा पेस गरिएको एक प्रतिवेदनमा उल्लेख छ। तर, स्वकीय सचिवको नाम भने प्रतिवेदनमा खुलाइएको छैन।

आर्थिक वर्ष २०७९/८० मा तत्कालीन अर्थमन्त्री सञ्जयकुमार यादवले आफूखुसी रकमानान्तर गरी योजना 'बेचेको' आरोप लागेपछि प्रदेशसभाबाट विशेष संसदीय छानबिन समिति गठन गरिएको थियो। सोही समितिले सोमबार उक्त प्रतिवेदन संसद्मा पेस गरेको हो।

प्रतिवेदनमा भनिएको छ, 'स्वकीय सचिवले लेखेको पत्रको आधारमा मन्त्रालयले रकमान्तर गर्नु अनाधिकृत हो। सरकारको कार्य विभाजन नियमावलीविपरीत मठ मन्दिर, सामुदायिक भवन, प्रवेशद्वार, कम्पाउन्ड वाल निर्माणका लागि उक्त रकम रकमान्तर गरेको पाइएको हो। रकमान्तर गरिएको रकम मन्त्रालयले भू तथा जलाधार व्यवस्थापन कार्यालय सिरहा, लहान र रौतहटलाई पठाएको देखिन्छ।'

पर्यटनसँग सम्बन्धित बजेट तथा योजना भए पनि तत्कालीन वन तथा वातावरण मन्त्रालयअन्तर्गत रहेको भू तथा जलाधार व्यवस्थापन कार्यालयबाट काम गराइनु नियमसम्मत नभएको प्रतिवेदनमा उल्लेख छ। त्यतिमात्र होइन, अर्थ मन्त्रालयले २०८० असार २२ गतेसम्म विभिन्न मन्त्रालयबाट रकमान्तरका लागि आएको पत्रअनुसार रकमान्तर गरेको जनाएको छ।

'अर्थ मन्त्रालयमा दर्ता नै नभएको पत्रलाई कसरी आधार मानेर रकमान्तर गरियो ? दर्ता हुनु अघिको मितिमा नै निर्णय समेत भएको देखिन्छ। सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका २०६५ को विपरीत हुने देखिन्छ', प्रतिवेदनमा उल्लेख छ।

**बजेट विनियोजनमा रकम थपघट**

मधेस प्रदेशको अर्थ मन्त्रालयले मन्त्रालयहरूको सुरुको बजेट विनियोजनमा रकम थपघट गरेको पाइएको छ।

» बाँकी पृष्ठ ६

## बडिगाड पहिरोमा ८ को मृत्यु, ४ बेपत्ता

**अर्जुन कार्की** | *बागलुङ*



बागलुङको बडिगाड गाउँपालिकामा पहिरोमा परी ८ जनाको मृत्यु भएको छ। बडिगाड ९ र १० मा सोमबारदेखि परेको अविरल वर्षापछि आएको बाढी पहिरोमा परी ७ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायव उपरीक्षक (डीएसपी) विजय यादवले जानकारी दिए।

यादवले वडा नम्बर ९ मा दुई जना र वडा नम्बर १० मा ६ जनाको मृत्यु भएको बताए। मृत्यु हुनेमा अधिकांश बालबालिका छन्। डीएसपी यादवका अनुसार पहिरोले पुरिएर वडा नम्बर ९ मा १५ वर्षीय विदान परियार र २४ वर्षीया गंगा बस्नेतको मृत्यु भएको छ।

त्यस्तै वडा नम्बर १० को आरुपाटा भन्ने स्थानमा खसेको पहिरोले जोगलाल बुढाको घर र गोठ पुरिँदा ६ जनाको मृत्यु भएको छ। पहिरोले पुरिएर ७८ वर्षीय जोगलालसहित ७० वर्षीया मोतीदेवी कामी, सिर्जना विकको ६ महिनाको छोरी सीता विक, ७ वर्षीया मालती बुढा, ८ वर्षीय अमल बुढा र ११ वर्षीया सीता पुनको मृत्यु भएको छ। बिहान १० बजेको समयमा खसेको पहिरोले बुढाको घर पुरिएको थियो।

घटनामा ९ जना घाइते भएका छन्। बडिगाड-१० का २६ वर्षीय ओमप्रसाद पुन, ४६ वर्षीया संगीता बुढा, २३ वर्षीया सिर्जना विक, ४३ वर्षीय मंगल सेन, १९ वर्षीया रिमा पुन, ६० वर्षीया सुमित्रा विक, ५१ वर्षीय ससिराम विक, ९ वर्षीय ज्ञाने बुढा र ३१ वर्षीया सीता थापा घाइते भएको डीएसपी यादवले बताए।

यादवका अनुसार ६० वर्षीया सुमित्रा विकको अवस्था गम्भीर रहेको र अन्यको अवस्था मध्यम रहेको छ। घाइतेहरूको उद्धारका लागि काठमाडौंबाट नेपाली सेनाको हेलिकप्टर आए पनि मौसम खराबीको कारण बडिगाडमा अवतरण हुन नसक्दा जिल्ला सदरमुकाममा रहेको नेपाली सेनाको २३ नम्बर बाहिनी अड्डामा अवतरण गरेको छ। घाइतेहरूलाई उपचारका लागि बुर्तिबाङ प्राथमिक स्वास्थ्यचौकी पठाइने डीएसपी यादवले बताए।

पहिरोमा पुरिएर ४ जना अझै बेपत्ता छन्। बडिगाड-१० का ६० वर्षीय मधु बुढा, १० वर्षीय मनोज बुढा, ३ वर्षीय आरुष थापा र ११ वर्षीय सुमन विक बेपत्ता रहेको डीएसपी यादवले जानकारी दिए। बेपत्ताहरूको स्थानीय, नेपाल प्रहरी र नेपाली सेनाको टोलीले खोजी गरिरहेको छ।

### गुल्मीमा पनि ४ को मृत्यु

» पृष्ठ ६

## बंगलादेशको संसद् विघटन, नोबेल विजेता युनुसलाई सरकारको नेतृत्व गर्न प्रस्ताव

**राधा खनाल** | *काठमाडौं*



**बंगलादेशको संसद् भवनबाहिर विजयउत्सव मनाउँदै प्रदर्शनकारीहरू ।** ● एएफपी

बंगलादेशमा नोबेल पुरस्कार विजेता मुहम्मद युनुसलाई अन्तरिम सरकारको नेतृत्व गर्न विद्यार्थी नेताहरूले प्रस्ताव गरेका छन्। विद्यार्थीहरूको पटक-पटकको प्रस्तावमा उनले सकारात्मक प्रतिक्रिया दिएको बंगलादेशी समाचार संस्था द डेली न्युजले जनाएको छ।

प्रधानमन्त्री शेख हसिनाले राजीनामा दिएर देश छाडेपछि सोमबार बंगलादेशका सेना प्रमुखले पत्रकार सम्मेलन गरेर अन्तरिम सरकार बनाउने घोषणा गरेका थिए। सोमबार साँझ राष्ट्रपति मोहम्मद शाहबुद्दिनले अन्तरिम सरकार निर्माणका विषयमा विभिन्न नेताहरूसँग छलफल गरेका थिए। उनले अन्तरिम सरकार गठन गर्ने, नयाँ निर्वाचन घोषणा हुने र कर्फ्यु अन्त्यको घोषणा गरेका थिए। विपक्षी नेता खालिदा जियालाई पनि रिहाइ गर्न पनि आदेश दिएका थिए। आन्दोलनका क्रममा पक्राउ परेका विद्यार्थीलाई पनि रिहाइ गर्न राष्ट्रपति शाहबुद्दिनले आदेश दिएका थिए।

समाचार संस्था रोयटर्सका अनुसार युनुसले अन्तरिम सरकारको प्रमुख सल्लाहकार बन्न गरेको प्रस्ताव स्वीकारेका छन्। ओलम्पिक कमिटीको निमन्त्रणामा फ्रान्सको पेरिस गएका युनुस पेरिसमा सामान्य स्वास्थ्य जाँचपछि बंगलादेश फर्किंदै छन्।

बंगलादेशको दैनिक पत्रिका द डेली स्टारले युनुसको भनाइबारे लेखेको छ, 'जब मलाई विद्यार्थीको तर्फबाट सम्पर्क भएको थियो, त्यसबेला मैले स्वीकारेको थिइनँ। मैले धेरै काम गर्न बाँकी छ भनेको थिएँ। तर, विद्यार्थीहरूले पटक-पटक मलाई अनुरोध गरे। विद्यार्थी र देशका नागरिकहरूले धेरै त्याग गर्नुभएको छ। अब मैले जिम्मेवारी लिन तयार छु।'

गरिबहरूको बैंकरका रूपमा चिनिएका उनी ८४ वर्षका हुन्। गरिबीको रेखामुनि रहेकाहरूलाई लक्षित गरेर उनले गाउँ-गाउँमा ग्रामीण बैंक तथा लघुवित्त स्थापना गरेका थिए। त्यसका लागि उनलाई सन् २००६ को नोबेल शान्ति पुरस्कार दिइएको थियो। युनुस बंगलादेश छाडेकी प्रधानमन्त्री शेख हसिनाका प्रतिद्वन्द्वी हुन्। गएको जनवरीमा बंगलादेशको एउटा अदालतले युनुसलाई देशको श्रम कानुन उल्लंघन गरेको भन्दै जेल सजाय सुनाएको थियो। तर, उनले यो आरोप राजनीति प्रेरित भएको भन्दै आलोचना गरेका थिए।

बंगलादेशको विद्यार्थी आन्दोलनका संयोजकहरूले फेसबुकमा एउटा भिडिओ सार्वजनिक गर्दै सैन्य शासन अस्वीकार गर्ने र नयाँ अन्तरिम सरकारको नेतृत्व मोहम्मद युनुसले गर्नुपर्ने बताइरहेका छन्।

विद्यार्थी आन्दोलनका नेता नाहिद इस्लामले भिडिओमा भनेका छन्, 'हामीले सिफारिस गरेकोभन्दा अन्य कुनै सरकार स्वीकार्य हुने छैन। हामी सेनाको साथ भएको वा सेनाले नेतृत्व गरेको कुनै सरकार स्वीकार गर्दैनौं।' विद्यार्थी नेताहरूले स्थानीय समयानुसार दिउँसो ३ बजेसम्मको समयसीमा तोक्दै संसद् भंग गर्न राष्ट्रपतिलाई आह्वान गरेका थिए।

बंगलादेशमा स्वतन्त्रता आन्दोलनका सेनानीहरूका परिवारलाई आरक्षण दिने विषयमा सुरु भएको २ महिना अगाडि देखिको आन्दोलनमा हालसम्म करिब ३ सय जनाले ज्यान गुमाइसकेको विभिन्न सञ्चारमाध्यमले जनाएका छन्।

**राष्ट्रपतिले गरे संसद् विघटन**

गत जनवरी ७ मा निर्वाचनबाट बनेको संसद् विघटन गर्दै राष्ट्रपति शाहबुद्दिनले भनेका छन्, 'बंगलादेशी सेना, विभिन्न राजनीतिक दलका शीर्ष नेता, नागरिक समाज र विद्यार्थी आन्दोलनका अगुवाहरूको सहमतिमा १२औं संसद् विघटन गरिएको छ।'

**विपक्षी दलकी नेतृ जिया रिहा**

हसिनाको सत्ता ढलेपछि बंगलादेशमा विपक्षी दलकी नेतृ खालिदा जिया मंगलबार रिहा भएकी छन्।

बंगलादेशका राष्ट्रपति मोहम्मद शाहबुद्दिनले सोमबार एक आदेश जारी गर्दै उनलाई तत्काल रिहाइका लागि आदेश दिएका थिए। बंगलादेश नेसनलिस्ट पार्टी (बीएनपी) की अध्यक्ष जियालाई सन् २०१८ मा भ्रष्टाचारको आरोपमा १७ वर्ष जेल सजाय सुनाइएको थियो। उनै नेतृ खालिदा जिया मंगलबार रिहा भएको डेलीस्टारले खुलाएको छ।

डेलीस्टारका अनुसार जियासहित सयौं विपक्षी नेता मंगलबारनै जेलबाट मुक्त भएका छन्।

देशभरमा अराजकता र हिंसाबीच राष्ट्रपति मोहम्मद शाहबुद्दिनले जेलमा रहेकी जियालाई तत्काल रिहा गर्न आदेश दिएका थिए। जिया बंगलादेशकी पहिलो महिला प्रधानमन्त्री हुन्। आफ्नो श्रीमान् एवं बंगलादेशका पूर्वराष्ट्रपति जिउर रहमान मारिएपछि जियाको राजनीतिक यात्रा सुरु भएको थियो। रहमानले १९७८ मा स्थापना गरेको बीएनपीमा उनी २ जनवरी १९८२ देखि संलग्न भएकी थिइन्।

» बाँकी पृष्ठ ६